प्रशासकीय अदालत

इजलास

श्री काशीराज दाहाल.....अध्यक्ष
श्री कुमार योञ्जन तामाङ्ग .....सदस्य
श्री दुर्गानिधि शर्मा.....सदस्य

फैसला

सम्वत् २०७० सालको पु.वे.नं..... १८

मुद्दा :- तलव वृद्धि रोक्का ।

पर्सा जिल्ला वेल्वा गा.वि.स. वडा नं ४ घर भई हाल नेपाल कृषि सेवा भेटेनरी समूहको पशु चिकित्सक (रा.प.तृतीय श्रेणी) (प्रा)) पशु क्वारेन्टाइन कार्यालय वीरगंज अन्तर्गत पशु क्वारेन्टाइन चेक पोष्ट सिर्सिया पशु क्वारेन्टाइन अधिकृतको रूपमा कार्यरत डा. हरेराम यादव .....१ — पुनरावेदक पक्ष

विरूद्ध

श्री कृषि विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं १
श्री सचिव, कृषि विकास मन्त्रालय १
श्री पशु क्वारेन्टाइन कार्यालय वीरगंज, पर्सा १
श्री केन्द्रिय पशु क्वारेन्टाइन कार्यालय बुढानीलकण्ठ, काठमाडौं १
श्री पशु सेवा विभाग, हरिहरभवन ललितपुर १
श्री लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर काठमाडौं १

— प्रत्यर्थी विपक्षी

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छ :-

पशु क्वारेन्टाइन कार्यालय, वीरगंजबाट भारतीय गाडी नम्बर डि.एल-१-एम ६५८२ र एम एच. ४३ यू ४३३७ बाट अवैध रूपमा कुखुराको मासु भित्रिएको सम्बन्धमा छानविनको प्रक्रिया

अगाडि बढ्दा निजामती सेवा ऐन, २०४९ को दफा ६४(१)(क) को अवस्था उत्पन्न भएकोले सोही ऐनको दफा ६१(१)(क) का अभियोगमा निजामती सेवा ऐन, २०४९ को दफा ६४(१) बमोजिम तपाईलाई बढीमा २ महिनासम्मका लागि निलम्बन गरिएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०६९।९।१ को निर्णयानुसार अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०६९।९।१ मा यी पुनरावेदकलाई निलम्बन गरिएको पत्र ।

वीरगंज सिर्सियास्थित पशु क्वारेन्टाइन चेकपोष्टबाट क्वारेन्टाइन प्रमाणपत्र जारी भई आएको अवैध रूपमा कुखुराको मासु रहेको ट्रक-१ र क्वारेन्टाइन प्रमाणपत्र विना नै भारतबाट सोही रूपमा मासु लिई आइसकेको ट्रक तपाई कार्यरत क्वारेण्टाइन क्षेत्र हुँदै धादिङ्गको धार्केसम्म आइपुगेको र त्यहाँ नष्ट गरिएकोमा उक्त मासु आयात सम्बन्धमा तपाई कार्यरत कार्यालय र अन्तर्गतका चेकपोष्टको संलग्नता सम्बन्धमा तपाईको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारमा आधारित भई उक्त अवैध मासु लिई आएको ट्रक तपाई कार्यरत क्षेत्रबाट के कसरी र कुन प्रकृया पूरा गरी अगाडि बढेको हो ? उक्त अवैध रूपमा आएको मासु तपाई कार्यरत निकाय र कर्मचारीहरूको संलग्नता नभई कसरी सोही बाटो हुँदै आउन सक्छ ? तपाईको संलग्नता नभएको भए सोलाई पुष्टि गर्न सक्ने आधार के छ ? जारी भएको प्रमाणपत्र तपाईले के कुन आधारमा जारी गर्नु भएको हो ? जवाफ पछिसम्म फरक नपर्ने गरी सत्यतथ्य ढङ्गले उचित र यथार्थ कारण सहित आफूसँग कुनै सबूद प्रमाण भए आफ्नो भनाईलाई पुष्टि गर्न सो समेत संलग्न राखी ७ दिन भित्र यस मन्त्रालयका सचिव समक्ष स्पष्टीकरण पेश गर्न निजामती सेवा ऐन, २०४९ को दफा ६६ को प्रयोजनार्थ यो पत्र लेखिएको छ, म्यादभित्र जवाफ पेश नभए कानून बमोजिम भई जाने व्यहोरा समेत अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०६९।१०।५ मा यी पुनरावेदकलाई कृषि विकास मन्त्रालयको स्पष्टीकरण पेश गर्ने वारेको पत्र ।

अवैध मासु लिई आएको ट्रक-१ सबभन्दा पहिला भारतीय कस्टम कसरी पास गऱ्यो मलाई थाहा भएन । त्यसपछि नेपाल भन्सारको कपाउण्डमा आयो अनी भन्सारको Clearing Agent, पशु क्वारेन्टाइन चेक पोष्ट सिर्सियामा आवश्यक Document लिएर आयो । अनि क्वारेन्टाइन प्रमाण जारी गर्न भने । त्यसपछि मैले Document हेरेर भारतीय कुखुराको मासु हो । भारतमा OIE को लिष्टमा बर्डफ्लु छ । तपाईले प्रमाणपत्र पाउनु हुन्न भनी कन्टेनर फिर्ता लैजानुस् भने । यस आधारमा मैले आफनो विवेकले त्यो कन्टेनर रोके । तर तिनीहरूले बेला बेलामा प्रयास गर्थे तर मैले आफनो विवेक र ऐन नियमको परिधिभित्र रही ३-४ दिन रोकी प्रमाणपत्र जारी गर्न नमानेको हो । तर हाम्रा तालुक अड्डा केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय बुढानीलकण्ठको वरिष्ठ पशु चिकित्सक डा. मोहन देव लेखकले कार्यालयको फोनबाट भारत बर्डफ्लु Free भई सक्यो भने पछि तहाँको आदेशलाई पालना गर्दै कन्टेनरको Cold Chain प्रमाणपत्र जारी गरेको हो । त्यसपछि उसले भन्सारको नियमानुसार राजश्व तिरी अगाडितिर बढेको हो । तर अर्को एउटा कन्टेनरको वारेमा मलाई थाहा छैन । यसमा हाम्रो कुनै संलग्नता छैन । कसरी आउन सक्छ भने हामीसँग holding yard प्रयोगशाला छैन । कार्यालय भन्सारदेखि अलि अगाडि नै छ । भन्सारमा हजारौ गाडीहरू लागेको हुन्छ । त्यसमा कुन चाहि मासुको गाडी हो थाहा हुँदैन । हामी कहाँ भन्सारले जानकारी गराएपछि मात्र भन्न्सारमा गई चेक जाँच गरी प्रमाणपत्र जारी गर्ने हो । तर भन्सारले वा सम्बन्धित पार्टीले हामीलाई जानकारी नै नदिई पास गर्छन् भने हाम्रो के दोष ? भन्सारदेखि काठमाडौंसम्मका प्रहरीको लापरवाहीले गर्दा पनि हो । जसको ज्वलन्त उदाहरण हो । विना क्वारेन्टाइन प्रमाणपत्रको अर्को मासुको ट्रक भित्रिनु । हामीसँग प्रहरी छैन । प्रहरीले समातेपछि अनि मात्र कारवाही गर्ने हो । कति अवैध चल्ला, अण्डा, मासु नष्ट गरेका छौ । त्यसको प्रमाण कार्यालयमा संचित छ । वास्तवमा मेरो संलग्नता छैन, किनकि यदि मेरो नियतमा खराब भएको भए म आफनो विवेकले ३ दिनसम्म रोकेर राख्दैनथे मैले प्रथम दिनमै प्रमाणपत्र दिन्थे । जारी भएको प्रमाणपत्र मैले आफनो कार्यालयभन्दा माथिल्लो निकाय केन्द्रिय पशु क्वारेन्टाइन कार्यालय बुढानीलकण्ठको वरिष्ठ पशु चिकित्सक डा. मोहन देव लेखकको आदेशलाई पालना गरेको हो भन्ने समेत व्यहोराको मिति २०६९।१०।९ मा यी पुनरावेदकले पेश

गरेको स्पष्टीकरण जवाफ ।

मिति २०६९।१०।१० मा यस मन्त्रालयमा पेश गर्नु भएको स्पष्टीकरणमा भारतबाट अवैध रूपमा आयात भएको मासु केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय, बुढानीलकण्ठका वरिष्ठ पशु चिकित्सक डा. मोहन देव लेखकको निर्देशनमा क्वारेन्टाइन जाँच प्रमाणपत्र जारी गरेको भन्ने कुरा उल्लेख गर्नुभएको तर मिति २०६९।१०।१० मा डा. मोहन देव लेखकले पेश गर्नुभएको स्पष्टीकरणमा "प्रचलित कानूनको परिधिभित्र रही क्वारेन्टाइन जाँच प्रक्रिया अगाडि बढाउने सम्बन्धमा कुरा गरेको हुँ । क्वारेन्टाइन प्रमाणपत्र जारी गरी छोड्न आदेश नदिएको" भनी स्पष्टीकरण पेश गर्नु भएकोले तपाईले पेश गर्नुभएको स्पष्टीकरण र डा. मोहन देव लेखकले पेश गर्नुभएको स्पष्टीकरणमा तात्विक भिन्नता देखिन आएकोले यस सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ६६(१) कै प्रयोजनार्थ ५ (पाँच) दिनभित्र पुनः स्पष्टीकरण पेश गर्नु हुन अनुरोध छ भन्ने समेत व्यहोराको यी पुनरावेदकलाई मिति २०६९।१०।१८ को पुनः स्पष्टीकरण पेश गर्न प्रेशित गरेको पत्र ।

मेरो निकटतम् माथिल्लो अधिकृत एवं पशु क्वारेन्टाइन कार्यालय वीरगंजका प्रमुख डा. मुनीलाल चौधरीको संलग्नता सम्बन्धमा भन्दा मैले कन्टेनरलाई रोकेर राख्दा त्यतिबेला उहाँ कार्यालय हुनुहुन्थ्यो । कार्यालयको कार्यालय प्रमुख हुँदा उहाँको मातहतका कर्मचारीले कुनै गल्ती गरेमा उहाँको संलग्नता नभएको भन्न मिल्दैन । कार्यालयको सम्पूर्ण जिम्मेवारी कार्यालय प्रमुखलाई नै हुन्छ । उहाँ यस घट्नामा पन्छिन मिल्दैन । उहाँको पनि हामी माथि Supervision राम्रो भएन भन्ने समेत व्यहोराको मिति २०६९।१०।२४ मा यी पुनरावेदकले कृषि विकास मन्त्रालयमा पेश गरेको पुनः स्पष्टीकरण पत्र ।

पशु क्वारेन्टाइन कार्यालय, वीरगंजका प्रमुख वरिष्ठ पशु चिकित्सक (रा.प.द्वि.प्रा.) डा. मुनिलाल चौधरी, केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय, बुढानीलकण्ठ, काठमाडौंका वरिष्ठ पशु चिकित्सक (रा.प.द्वि.प्रा.) डा. मोहन देव लेखक र पशु क्वारेन्टाइन कार्यालय, सिर्सिया पर्साका पशु चिकित्सक (रा.प.तृ.प्रा.) डा. हरेराम यादव उपर निजामती सेवा ऐन, २०४९ का दफा ६० को (क) र (घ) बमोजिमको कसुरमा सोही ऐनको दफा ५९ (क) (२) बमोजिम दुई तलव वृद्धि रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श माग भई आएकोमा माग बमोजिम परामर्श पठाउने भनी आयोगबाट मिति २०६९।१२।२ मा निर्णय भएको हुँदा निर्णयानुसार सक्कल फायल यसैसाथ पठाइएको छ । निजलाई निजामती सेवा नियमावली, २०५० को अनुसूची-१७ बमोजिमको ढाँचामा विभागीय सजाय गरी सो को जानकारी यस आयोगलाई समेत दिनु हुन अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०६९।१२।५ मा लोक सेवा आयोगको परामर्श सहित फायल फिर्ता पठाएको पत्र ।

पशु क्वारेन्टाइन कार्यालय वीरगंज पर्साका वरिष्ठ पशु चिकित्सक (रा.प.तृ.प्रा.) पदमा कार्यरत डा. हरेराम यादव (कर्मचारी संकेत नं १७६६३८) ले कार्य सम्पादनमा लापरवाही एवं अनियमितता गरेको भन्ने सन्दर्भमा जाँचबुझ गराउँदा पशु चिकित्सक जस्तो जिम्मेवार पदमा रही निर्वाह गर्नुपर्ने कर्तव्य पूरा नगरी पदीय दायित्वबाट विमुख भएको देखिन आएकोले निज हरेराम यादवलाई निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (१) बमोजिम उचित म्याद दिई सफाई माग गरिएकोमा निजले पेश गरेको सफाईको व्यहोरा, सबूद आदिको आधारमा सफाई सन्तोषजनक देखिएन । तसर्थ ऐनको दफा ६० को (क) र (घ) बमोजिमको कसुरमा ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिमको सजाय किन नगर्ने ? भनी स्पष्टीकरण माग गरिएकोमा निजले आफू निर्दोष रहेको भनी स्पष्टीकरण पेश गरेको देखियो । यस सम्बन्धमा संकलन भएका कागजातहरू, बुझिएका प्रमाण उपर समेत विचार गर्दा प्राप्त सबूद प्रमाणबाट निज हरेराम यादवले निजामती सेवा ऐन, २०४९ को दफा ६० को (क) र (घ) बमोजिमको कसुर गरेको देखिएकोले निज उपर ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिमका सजाय प्रस्ताव गरी उक्त सजाय गर्नको निमित्त लोक सेवा आयोग केन्द्रिय कार्यालय, अनामनगरबाट परामर्श प्राप्त भए अनुरूप निजलाई ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम २ (दुइ) तलव वृद्धि रोक्का गर्ने

सजाय दिने निर्णय आदेश गरिएको छ । यस आदेश उपर चित्त नबुझेमा निजामती सेवा नियमावली, २०५० को नियम ११४ को खण्ड (घ) म्यादभित्र प्रशासकीय अदालत समक्ष पुनरावेदन दिन सकिनेछ भन्ने समेत व्यहोराको कृषि विकास मन्त्रालयका सचिवले गरेको विभागीय सजायको निर्णय आदेश ।

मैले प्रमाणपत्र जारी गर्दा कुनै बदनियत नराखी भारतको Health Certificate रहेको जसमा Fit for Human Consumption र HPAI (Highly Pathogenic Avian Influnza), बर्डफ्लु Free लेखिएको थियो । जसको प्रतिलिपि भन्सार कार्यालयमा यथावत रहेको छ । उक्त वस्तुसँग सम्बन्धित कागजातहरूबाट पैठारी गर्न उपयुक्त देखिएको र चिसोको नियन्त्रण कायम भएको देखिएकोले प्रमाणपत्र जारी गरेको हुँ । पैठारी गर्न लागिएको पशु जन्य पदार्थको सूक्ष्म परीक्षण गर्ने प्रयोगशालाको अभाव रहेको र हालसम्म प्रयोगशाला परीक्षण नगरी उपलब्ध कागजात Cold chain मा परीक्षण गरी त्यसबाट हेर्दा उपयुक्त देखिएमा प्रमाणपत्र जारी गर्ने परिपाटी र अभ्यास रहँदै आएकोमा मैले पनि त्यसै अनुरूप उक्त प्रमाणपत्र जारी गरेको हो । सो अवैध रूपमा भित्र्याएको मासुलाई नष्ट गरिएको त्यसबाट कुनै नकारात्मक परिणाम निस्कन नपाएको र वास्तवमा त्यो मासुमा बर्डफ्लु विद्यमानता थियो थिएन भन्ने परीक्षण नै नगरी नष्ट गरिएकोबाट घट्नालाई थप रहस्यमय बनाएको छ । मिति २०६९।१०।२४ मा सोधिएको स्पष्टीकरणमा लगाइएको आरोपका वारेमा मैले पेश गरेको जवाफमा खण्डन गरी सकेको हुँदा सो खण्डनको व्यहोरालाई यस पुनरावेदन पत्रको अभिन्न अङ्गको रूपमा ग्रहण गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७०।२।२३ गते यी पुनरावेदकले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

अनधिकृत व्यक्तिले सोधिएको स्पष्टीकरणको भरमा गरिएको सजाय कानूनी मान्यता प्रतिकूल भएको भन्ने पुनरावेदकको जिकिर विचारणीय भएकाले अ.वं २०२ नं बमोजिम विपक्षीलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत झिकाई नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको मिति २०७०।३।१० मा यस अदालतबाट भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकको तर्फबाट रहनु भएका वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेतीले वीरगंज सिर्सिया स्थित पशु क्वारेन्टाइन चेकपोष्टमा कार्यरत यी पुनरावेदकले क्वारेन्टाइन प्रमाणपत्र जारी गर्दा कुनै बदनियत नराखी भारतको हेल्थ सर्टिफिकेटमा "Fit for human Consumption" र “बर्डफ्लु free" लेखिएको कारण र केन्द्रीय कार्यालयका वरिष्ठ पशु चिकित्सकको निर्देशन बमोजिम भारतमा उत्पादित कुखुराको मासु नेपालमा प्रवेश गर्न पैठारी प्रमाणपत्र जारी गरेको कार्य कानुनसम्मत नै भएकोले यी पुनरावेदकलाई गरेको विभागीय सजाय वदर हुनु पर्छ भनी गर्नु भएको वहस तथा प्रत्यर्थीको तर्फबाट रहनु भएका सरकारी वकिल अविकेश्वर पोखरेलले भारत बर्डफ्लु सङ्क्रमित मुलुक भएकाले भारतबाट नेपालमा कुखुराको मासु पैठारी गर्न रोक लगाएको अवस्थामा भारतीय स्वास्थ्य प्रमाणपत्रको आधारमा र माथिल्लो पदाधिकारीको निर्देशन भनी अवैध मासुसहितको कन्टेनर नेपाल प्रवेश गर्न दिने गरी क्वारेन्टाइन प्रमाणपत्र जारी गर्नु कानुन प्रतिकूल भएको र यी पुनरावेदकले बर्डफ्लु जस्तो गम्भीर सङ्क्रमित रोगबाट मानिसको जीवन र स्वास्थ्यमा असर परी मृत्युसम्मको अवस्था आइपर्ने विषयमा ध्यान नै नदिई उपभोक्ताको हितमा असर पुऱ्याउने कार्य गरेकाले यी पुनरावेदकले पदीय कर्तव्य जिम्मेवारीपूर्वक पूरा नगरेको कसूरमा अधिकारप्राप्त अधिकारीले गरेको विभागीय सजायको निर्णय कानुनसम्मत नै हुँदा सदर हुनुपर्छ भनी गर्नुभएको वहस समेत सुनी सम्बन्धित मिसिल कागजात र पुनरावेदन जिकिर समेत अध्ययन गरी हेर्दा यी पुनरावेदकलाई कृषि विकास मन्त्रालयका सचिवले मिति २०६९।१२।२० मा निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम दुई तलव वृद्धि रोक्का गर्ने गरी गरेको विभागीय सजायको निर्णय कानूनसम्मत छ, छैन ? र सो निर्णय वदर गर्नुपर्ने हो होइन ? भन्ने सम्बन्धमा नै यस अदालतले निर्णय दिनुपर्ने देखिन आयो । मिति २०६९।८।२९ गते पशु क्वारेन्टाइन कार्यालय वीरगंज सिर्सिया चेकपोष्टबाट

भारतीय गाडी नम्बर वि.एल, १. एम ६५८२ र एम.एचः ४३ यु. ४३३७ बाट बर्डफ्लु सङ्क्रमित मुलुक भारतमा उत्पादित नेपाल सरकारद्वारा प्रतिबन्ध लगाएको अवैध मासु Kentucky Fried Chicken (KFC) का नाममा आएको कन्टेनरका सम्बन्धमा निजले क्वारेन्टाइन प्रमाणपत्र जारी गरी सङ्क्रमित रोगका कारण प्रतिबन्धित भएको कुखुराको मासुसहितको कन्टेनर नेपालभित्र प्रवेश गर्न स्वीकृती दिएको कार्य निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) बमोजिमको कसुर देखिएकोले सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) अनुसार दुई तलव वृद्धि रोक्का गर्ने गरी कृषि विकास मन्त्रालयका सचिवले मिति २०६९।१२।२० मा यी पुनरावेदकलाई विभागीय सजायको निर्णय गरेको देखियो । सङ्क्रमित रोगका कारण पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको पैठारीबाट मानव जीवनमा असर गर्ने अवस्थामा सरकारले त्यस्तो पदार्थ वा सामग्री अन्य कुनै मुलुकबाट नेपालमा प्रवेश गर्न नदिने गरी रोक लगाउन सक्ने पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १०, ११ समेतमा विभिन्न व्यवस्था गरी उपभोक्ताको हक अधिकारको संरक्षण गर्ने सिद्धान्तलाई कानूनतः स्वीकार गरेको देखिन्छ । प्रस्तुत मुद्दामा उपभोक्ताको आधारभूत जीवन र स्वास्थ्य सम्बन्धी हकप्रति यी पुनरावेदक संवेदनशील नभएका कारण विभागीय सजाय गर्नुपरेको भन्ने प्रत्यर्थितर्फको बहस जिकिर रहेकाले सर्वप्रथम यस मुद्दामा उपभोक्ताको हक अधिकारको विषयमा नै अध्ययन गरी त्यसको आधारमा प्रस्तुत विवादको निरूपण गर्नु पर्ने देखिन आयो ।

> "Consumerism means the welfare of the consumers by safeguarding their rights, by protecting them from unfair trade practices and from the articles injurious to public health and to save them from the exploitations by the well organized world of sellers of goods and services. This means that the 'Consumerism' will help the consumers to get more satisfaction from the purchase of goods and services with a given money by getting the goods at competitive rates and that too without any unfair trade practices.- "Dr.J.N.Barowalia, **Commentary On The Consumer Protection Act, 1986**, Ed.2002, p. 32)

आधुनिक उपभोक्ता विधिशास्त्र(Consumer jurisprudence) ले उपभोक्ताको हक अधिकारको रूपमा मूलतः खतराजनक जोखिमपूर्ण वस्तुहरूबाट संरक्षण (Protection from hazardous goods) पाउने गरी सुरक्षाको अधिकार (Right to Safety), नापतौल सम्बन्धी वास्तविक सूचना पाउने तथा गलत र भ्रामक विज्ञापन र विवरणबाट संरक्षित हुन सुसूचित हुन पाउने अधिकार (Right to Informed), प्रतिस्पर्धात्मक रूपमा गुणस्तरीय वस्तु र सेवा रोज्न पाउने अधिकार (Right to Choose), उपभोक्ताका गुनासा र उजुरीहरूको सरल र शीघ्र प्रक्रियाबाट उपचार प्राप्त गर्न पाउने सुनुवाईको अधिकार (Right to be Heard) जस्ता विषयहरू रहेका छन् । अर्थात 'उपभोक्तामा निहित सार्वभौमसत्ता'(Consumer soveeignty)का कारण गुणस्तरीय स्वस्थ उपभोग्य वस्तु र सेवाहरू प्राप्त गर्ने उपभोक्ताको अधिकारलाई राज्यले संरक्षण गर्नुपर्छ भन्ने मान्यताका आधारमा उपभोग्य वस्तुहरूमाथि हुने मिसावट, वस्तु र सेवाको दूरूपयोग, अनुचित र अवैध व्यापारिक क्रियाकलापलाई नियन्त्रण गरी उपभोक्ताका हकहितको संरक्षण गर्नु राज्यको दायित्व रहेको छ । औद्योगीकरण, विश्वव्यापीकरण, उदारीकरण, खुला र प्रतिस्पर्धात्मक वजार जस्ता व्यवस्थाको विकासले पारेको प्रभावलाई लोककल्याणकारी राज्यको अवधारणा अनुसार उपभोक्ताको हक अधिकारप्रति राज्य ज्यादै सम्वेदनशील बनी उपभोक्ताको हक अधिकारको संरक्षण र सम्वर्द्धन गर्नु राज्यको दायित्वको विषय बनेको र उदारीकरण (Liberalization), स्वतन्त्र वजार (Free market) र खुला व्यापार (Open market) का कारण राजनीतिक, वैचारिक, आर्थिक, सामाजिक, औद्योगिक, स्वास्थ्य जस्ता सबै क्षेत्रहरू एकअर्कोमा अन्तरसम्बन्धित भएका छन् । जसका कारण कुनैपनि राष्ट्र, समाज र व्यक्ति आफैमा मात्र पूर्ण हुन सक्ने अवस्था छैन । यसका लागि सबैका निम्ति विकास, सवैका लागि स्वास्थ्य, सबैका लागि स्वच्छ वातावरण र "सबैका लागि उपभोक्ता न्याय" (Consumer justice for all) भन्ने अवधारणाको विकास भएको देखिन्छ । यस अवधारणालाई साकार र अर्थपूर्ण बनाउन आफना कामकारवाहीहरू त्यसतर्फ केन्द्रित गर्नु राज्यको जिम्मेवारीको रूपमा रहेको छ । अनैतिक र अस्वस्थ व्यापारिक

गतिविधिका कारण थुप्रै उपभोक्ताहरू शोषित हुन पुगेका छन् । खासगरी व्यापारिक एकाधिकार, अस्वस्थ्य प्रतिस्पर्धा, वस्तु र सेवाको गुणस्तरहीनता जस्ता अस्वच्छ र अनैतिक व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरू पीडित हुन पुगेकाले 'उपभोक्ता सावभौम' भन्ने कुरालाई साकार बनाउन नसकिरहेको अवस्था छ । व्यापारिक अनैतिकताको कारण अनुचित र अस्वस्थ्य क्रियाकलापबाट भित्रिने विकृतिले मानव स्वास्थ्य, सुरक्षा र उपभोग्य वस्तुको गुणस्तर र शुद्धतामा पर्ने नकारात्मक असरका कारण बजारमा उपभोक्ताहरू मारमा पर्ने गरेका छन् । 'उपभोक्ता सार्वभौम' भन्ने मान्यतालाई सार्थक बनाउने अभिप्रायले उपभोक्ताहरूको हक अधिकारलाई संरक्षित गर्ने सम्बन्धमा राज्यले विभिन्न ऐन कानून र संयन्त्रको निर्माण गरेको भएपनि कार्यान्वयन पक्ष प्रभावकारी हुन नसक्दा उपभोक्ताहरूको हक अधिकारको उचित सम्मान र संरक्षण हुन नसकेको अवस्था छ । यस पृष्ठभूमिमा उपभोक्ताको हक अधिकार (Consumer rights) को संरक्षण र प्रचलन गर्नु गराउनु राज्यको दायित्व हो ।

उपभोक्ताको अधिकार मानव अधिकारको अभिन्न पक्ष भएकाले जीवनको अधिकार, स्वास्थ्यको अधिकार, सूचनाको अधिकार र उपभोक्ता न्यायको अधिकारजस्ता विषयमा राज्य ज्यादै संवेदनशील हुनुपर्छ भन्ने कुरामा विवाद छैन । आधुनिक उपभोक्ता विधिशास्त्रले उपभोक्ताको हकहित र अधिकारलाई संरक्षित गर्न राज्यलाई निर्देश गरिरहेको पृष्ठभूमिमा कुनैपनि मुलुक उपभोक्ता हक अधिकारको प्रचलनमा उदासीन भएर बस्न सक्ने अवस्था छैन । "उपभोक्तावाद"को सिद्धान्त अनुसार "उपभोक्ता संप्रभु हुन्" भन्ने मान्यतालाई हृदयगंम गरी उपभोक्ताको हकहितको संरक्षणका सम्बन्धमा संयुक्त राष्ट्र संघले सन् १९८६ मा विशेष "मार्गदर्शन" (guidelines) जारी गरेको छ । जस अनुसार उपभोक्ताको अधिकारको संरक्षणका सम्बन्धमा राज्यले स्पष्ट नीति तर्जुमा गर्नुपर्ने, बलियो कानुन प्रणालीको निर्माण, स्वच्छ र प्रतिस्पर्धात्मक व्यवस्थाको विकास, उपभोक्ताको गुनासा सुन्न र अधिकारमा अतिक्रमण भएको अवस्थामा सस्तो र शीघ्र किसिमले उपचार प्राप्त गर्न सक्ने सरल कार्यविधिसहितको विशेष संयन्त्रको स्थापना, उपभोक्तालाई शिक्षित र चेतनशील बनाउन उपयुक्त शैक्षिक र चेतनामूलक कार्यक्रमको सञ्चालन र प्रोत्साहन जस्ता व्यवस्थाहरू छन् । यस पृष्ठभूमिमा आधुनिक राज्यहरूले उपभोक्ताको सुरक्षाको अधिकार, छान्न र रोज्न पाउने अधिकार, सूचना पाउने अधिकार, उपभोक्ता न्यायको सुनिश्चितताको अधिकार जस्ता उपभोक्ताको अधिकारलाई संरक्षण र प्रचलन गराउन सोही अनुरूपको कानूनी व्यवस्था र संयन्त्रको विकास गरेको देखिन्छ । नेपालमा उपभोक्ताको हक अधिकारको सम्बन्धमा विभिन्न ऐन कानूनमा केही न केही कुरा छरिएर रहेको अवस्थामा उपभोक्त अधिकारको महत्वलाई आत्मसात गरी निर्धारित मूल्यभन्दा बढी मूल्य लिई माल वस्तु विक्रि गरेमा कालोबजारको कसुरमा सजाय हुने, बढी नाफा लिई व्यापार गरेमा नाफाखोरीको कसुर हुने, उपभोक्ताहरूमा समुचित वितरण नहुने गरी मालवस्तुको विचलन गरेमा अपराध मानिने, बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी संचय गरी जम्मा गरेमा कसुर मानिने, कमसल माललाई असल माल हो भनी र एक मालवस्तुलाई अर्को मालवस्तु हो भनी भानमा पारी वा मालवस्तुको स्तर घट्ने गरी मिसावट गरेमा कसुर मानी सजाय गर्ने गरी कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ जारी गरिएको, त्यसैगरी खाद्य पदार्थमा कुनै अवाञ्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचितस्तर कायम राख्ने उद्देश्यले खाद्य ऐन, २०३२ जारी गरिएको छ । यसरी उपभोक्तासँग सरोकार राख्ने विभिन्न विषयमा विभिन्न ऐन कानून छरिएर रहेकोमा आधुनिक विश्वका विभिन्न मुलुकहरुले उपभोक्ताको हक हितका सम्बन्धमा विशेष चासो देखाई विशेष कानून तर्जुमा गर्दै आएको सन्दर्भमा नेपालले पनि उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुण वा उपयोगिता घटाउन वा नपाउने व्यवस्था गर्न, एकाधिकार एवं अनुचित व्यापारिक क्रियाकलापद्वारा मूल्यवृद्धि रोक्न, सुरक्षित तथा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको विक्रि वितरण, निकासी पैठारी र सञ्चय सम्बन्धी व्यवस्था गर्ने समेतको उद्देश्य राखी उपभोक्ता संरक्षण ऐन, २०५४ जारी भएको देखिन्छ । यस ऐनले उपभोक्ताको अधिकारको रूपमा

मूलतः जीउ ज्यान स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने उपभोग्यवस्तु तथा सेवाको विक्रि वितरणबाट सुरक्षित हुन पाउने अधिकार; अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको निम्ति उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता, गुणस्तरीयतावारे सुसूचित हुने अधिकार; प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्यवस्तु तथा सेवाको छनौट गर्न पाउने अवसरमा विश्वस्त हुने अधिकार; उपभोक्ता हकहित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाई हुन्छ भन्ने कुरामा विश्वास हुने अधिकार; अनुचित व्यापारिक कृयाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा मर्काको विरूद्ध सुनुवाई र क्षतिपूर्ति पाउने अधिकार; उपभोक्ताको शिक्षाको अधिकार जस्ता विषयहरूको प्रत्याभूति गरेको छ । यस सैद्धान्तिक पृष्ठभूमिको आधारमा प्रस्तुत विवादको निरूपण गर्दा यी पुनरावेदक लगायतका कानूनी दायित्व भएका व्यक्ति तथा पदाधिकारीले उपभोक्ताको जीवन र स्वास्थ्य जस्ता संवेदनशील विषयमा गम्भीर बनी पदीय दायित्व निर्वाह गर्नुपर्ने कुरामा विवाद छैन । यी पुनरावेदक क्वारेन्टाइन अधिकृतको रुपमा नेपाल सरकारद्वारा तोकिएको जिम्मेवार व्यक्ति भएको र पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री सङ्क्रामक रोगको प्रकोप भएको ठाउँबाट पैठारी गर्न लागेको अवस्थामा निजले त्यस्तो सामग्रीको प्रवेशमा रोक लगाउनुपर्ने कानुनी दायित्व हो ।

यी पुनरावेदकले प्रस्तुत विषयमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, तत्सम्बन्धी नियमावली २०५६, नेपाल सरकारद्वारा राजपत्रमा प्रकाशित तत्सम्बन्धी सूचना अनुरुप क्वारेन्टाइन प्रमाणपत्र दिने कार्य गरेका हुन, होइनन् ? भन्ने सम्बन्धमा हेर्दा मिति २०६९।८।२९ गते भारतीय गाडी नम्वर डि.डि.एल. १-एम - ६५८२ र एम एच -४३ यू ४३३७ बाट अवैध रुपमा कुखुराको मासु यी पुनरावेदक कार्यरत पशु क्वारेन्टाइन चेकपोष्ट सिर्सिया वीरगंजको प्रवेशद्वारबाट निजको अनुमतिबाट नेपाल भित्रिएको सम्बन्धमा निजको वयान हेर्दा भारतमा बर्डफ्लु भएकोले भारतमा उत्पादित कुखुराको मासु रहेको कन्टेनर नेपालको नियमबमोजिम भित्र्याउन नपाउने, त्यसका निम्ति क्वारेन्टाइन प्रमाणपत्र जारी हुन सक्दैन भनेर सम्बन्धित पक्षलाई जानकारी गराई ३-४ दिनसम्म सो कन्टेनर रोकिराखेको अवस्थामा तालुक अड्डा पशु क्वारेन्टाइन केन्द्रीय कार्यालय बुढानीलकण्ठका वरिष्ठ पशु चिकित्सक डा. मोहनदेव लेखकले कार्यालयको फोनबाट भारत बर्डफ्लु फि भइसक्यो, त्यो कन्टेनरलाई प्रमाणपत्र जारी गरिदिनु होस् भनेपछि उहाँको आदेशलाई पालना गर्दै प्रवेश अनुमतिको प्रमाणपत्र जारी गरेको भन्ने यी पुनरावेदकले अधिकारप्राप्त अधिकारी समक्ष गरेको वयान र स्पष्टीकरणको व्यहोराबाट देखिएको हुँदा सो अवैध भनिएको कुखुराको मासुसहितको कन्टेनर यी पुनरावेदक कार्यरत रहेको चेकपोष्टबाट निजले जारी गरेको प्रमाणपत्रको आधारमा नेपाल प्रवेश गर्ने स्वीकृती पाएको भन्ने कुरामा विवाद देखिएन । भारतको हेल्थ सर्टिफिकेट जसमा उक्त मासु मानव उपभोग्य भएको भन्ने सिफारिस रहेको आधारमा क्वारेन्टाइन प्रमाणपत्र जारी गरिएको भन्ने पुनरावेदकका कानून व्यवसायी समेतको वहस रहेको सन्दर्भमा हेर्दा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १० बमोजिम नेपाल सरकारले मिति २०६३।७।८ गते राजपत्र खण्ड ५६ अतिरिक्ताकं ३७ भाग ३ मा सूचना प्रकाशित गरी विश्व पशु स्वास्थ्य संगठनले बर्डफ्लु रोग फैलिएको सूचना प्रकाशित गरेको मुलुकहरुबाट जिवीत पंक्षी, त्यसको मासु लगायत पंक्षीजन्य उत्पादन सामग्रीहरु समेत नेपाल राज्य भित्र पैठारी गर्न प्रतिबन्ध लगाएको भन्ने देखिँदा विवादित कुखुराको मासु Kentucky Fricd Chicken (KFC) का नाममा आएको कन्टेनरमा भारतमा उत्पादित कुखुराको मासु भन्ने कुरामा विवाद नभएको स्थितिमा भारतको हेल्थ सर्टिफिकेटका आधारमा मात्र नेपाल कानुन प्रतिकूल हुने गरी त्यस्तो सर्टिफिकेटको आधार लिई स्वीकृती दिन मिल्ने देखिन्न । प्राणघातक रोगको श्रेणीमा दर्ज भएको बर्डफ्लु जस्तो जोखिमपूर्ण सङ्क्रमित रोग पंक्षीजन्य सामग्रीबाट सर्ने कारण यस्तो पशु पंक्षी तथा यसको उत्पादनको कुनैपनि सामग्रीको ओसार-पसार र विक्रि वितरणमा सरकारका सम्बन्धित निकायहरु, व्यापारी र व्यवसायीले कानुनको पालना र त्यसप्रति उच्च सतर्कता अपनाउनुपर्ने हुन्छ । वदनियत, हेलचेक्र्याँई र लापरवाही जस्ता कुनैपनि कारणबाट उपभोक्ताको जीवन र स्वास्थ्यमा प्रतिकूल असर पुग्ने वा हानी नोक्सानी वा क्षति हुने अवस्थामा सम्बन्धित

जिम्मेवार व्यक्तिहरु कानुनी कारवाहीको दायरामा नआउने हो भने कानुन मात्र बनाउनुको कुनै अर्थ हुँदैन । कानुनमा आश र त्रास जस्ता तत्व हुने कारणले नै कानुनको पालना हुने हो । कानुनको पालना राज्यकै निकाय र पदाधिकारीले गरेनन् भने त्यस्तो कानुनको पालना नागरिकले मात्र गरिरहँदैनन् । कानुन उल्लङ्घन गर्ने जो सुकैलाई पनि कारवाही हुन्छ भन्ने त्रास भएमा नै कानुनको पालना हुने हो । कानुनको उद्देश्य अनुरुप काम नगर्ने, कानुनका व्यवस्थाहरुलाई छल्न खोज्ने, कानुनको उद्देश्य विपरित जबरजस्ती तोडमोड गरी कानुनको व्याख्या गर्न खोज्ने स्थिति सृजना गरियो भने कानुनी राज्यको मान्यता लुप्त हुने भएको कारण कानुनको कार्यान्वयनमा राज्यका निकाय र पदाधिकारीहरु सक्रिय हुनुका साथै त्यस प्रति समर्पित हुनुपर्दछ ।

राज्यले नागरिकको हक अधिकारको संरक्षणमा सदैव कटिबद्ध हुनुपर्छ । राज्यले नागरिकको जीवन र स्वास्थ्यको संरक्षण गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी हो । राज्य नागरिकको हक हितको संरक्षण र अधिकारको प्रचिलनमा सम्वेदनशील हुन्छ भन्ने विश्वासका आधारमा राज्यप्रति नागरिकहरु वफादार हुन्छन् । राज्य भनेको अमूर्त हुन्छ । यसलाई जीवन्त बनाउने दायित्व भनेको त्यसमा कार्यरत पदाधिकारीको नै भएकाले राज्यप्रति नागरिकको विश्वास गुम्ने, खुम्चिने जस्ता कुनैपनि कार्य गर्न नहुने त्यस्ता पदाधिकारीको कर्तव्य हो । यस सन्दर्भमा विश्व पशु स्वास्थ सँगठनको सूचना अनुसार मिति सन् २०१२ अक्टुवर १२ देखि भारत बर्डफ्लु सङ्क्रमित मुलुकको सूचीमा रहेकोले भारतबाट यस्ता पक्षी, पंक्षीजन्य पदार्थ तथा रोग सार्न सक्ने पंक्षी उत्पादन सामग्रीको पैठारी गर्न नमिल्ने अवस्था रहेको पशु सेवा विभागका उपमहानिर्देशक डा. रामकृष्ण खतिवडाले मिति २०६९।९।१ मा पेश गरेको प्रतिवेदनबाट समेत देखिएको अवस्थामा क्वारेन्टाइन अधिकृतजस्तो जिम्मेवार पदमा बसेका यी पुनरावेदकलाई त्यससम्बन्धी विषयमा जानकारी थिएन भन्ने जिकिर कानुनसङ्गत हुने देखिन्न । "कानूनको भूल क्षम्य हुन नसक्ने"(*Ignorantia Juris non Excusat: Ignorance of the Law does not excuse*) भन्ने कानूनको सर्वमान्य सिद्धान्त हो । यसरी कानुनी अख्तियारी अन्तरगत नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी सङ्क्रमित रोग भएको मुलुकबाट त्यस्तो मासु पैठारी गर्न प्रतिवन्ध लगाएको अवस्थामा तालुक अड्डाको वरिष्ठ पशु चिकित्सक डा. मोहनदेव लेखकको निर्देशन तथा भारतीय स्वास्थ्य प्रमाणपत्रको आधारमा क्वारेन्टाइन प्रमाणपत्र जारी गरेको भन्ने पुनरावेदकको भनाई कानूनसम्मत मान्न सकिन्न । कानुनमा स्पष्ट भएको कुरालाई कसैको आदेश वा निर्देशनले निष्कृय, निष्प्रभावी वा निरर्थक बनाउन सक्दैन । विधायिकाको विवेक (Legislative wisdom) प्रयोग गरी बनाएको कानुनलाई अक्षरशः पालना गर्नु गराउनु कानून कार्यान्वयन गर्ने पदाधिकारीको कर्तव्य हो । विधायिकी इच्छा विपरित कानूनको बर्खिलाप हुने गरी कसैको आदेश वा निर्देशनमा कानून विरुद्धको काम भएको अवस्था देखिन्छ भने त्यस्तो व्यक्तिले कसैको आदेश वा निर्देश भन्दैमा छुट र उन्मुक्ति पाउन सक्दैन । कानुनी व्यवस्थालाई अनादर, अवज्ञा गरी कसैको आदेश र निर्देश बमोजिम कार्य गर्न पुगियो भने त्यस्तो व्यवस्था कानुनी शासन नभई हुकुमी शासन भई स्वेच्छाचारी हुन सक्ने भएकोले त्यस्तो कार्य गर्नु कानूनी शासनको मान्यतासँगत हुन सक्ने देखिन्न । अतः यी पुनरावेदकले नेपाल राज्यभित्र पैठारी गर्न प्रतिबन्ध लगाएको बर्डफ्लु रोग सङ्क्रमित मुलुकमा उत्पादित कुखुराको मासु भित्रिन अनुमति दिने गरी क्वारेन्टाइन प्रमाणपत्र जारी गरेको देखिंदा यी पुनरावेदकले कानूनद्वारा तोकिएको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा गरेको अवस्था नहुँदा अधिकारप्राप्त अधिकारीले छानवीन समिति समेत गठन गरी त्यसको आधारमा अधिकारप्राप्त अधिकारीको निर्णय बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिई सबूद प्रमाणको मूल्याङ्कन गरी लोकसेवा आयोगको परामर्शका आधारमा निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम दुई तलव वृद्धि रोक्का गर्ने गरी कृषि विकास मन्त्रालयका सचिवले मिति २०६९।१२।२० मा गरेको विभागीय सजायको निर्णय कानूनसम्मत नै देखिंदा सदर हुने ठहर्छ ।

उपभोक्ताको हक अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले उपभोक्ता संरक्षण ऐन, २०५४ समेत जारी भईसकेको सन्दर्भमा यसको कार्यान्वयन पक्ष फितलो रहेको भन्ने भनाई रहेको

देखिंदा कार्टेलिङ्ग, कृत्रिम अभाव, मिसावट गर्ने, अखाद्य पदार्थ विक्रि गर्ने, नापतौल ठगी गर्ने, मूल्य सूची नराख्ने, म्याद नाघेका वा गुणस्तर नभएको वस्तु उत्पादन र विक्रि वितरण गर्नेलाई कडा कारवाही गर्न सुरक्षाकर्मी सहितको अनुगमन संयन्त्रको गठनका साथै उपभोक्ता हकहितको संरक्षण गर्न जिल्ला जिल्लामा अनुगमन अधिकारी, निरीक्षण अधिकृत, बजार संरक्षण अधिकृतको नियुक्ति लगायतका जो जे गर्नुपर्दछ अुगमनलाई प्रभावकारी बनाउने व्यवस्था र उपभोक्ता शिक्षा, प्रतिस्पर्धी बजार व्यवस्था र प्रभावकारी अनुगमनको लागि विशेष व्यवस्था गर्न उपभोक्ता संरक्षण कोषको स्थापनाका साथै छिटो र शीघ्र कार्यविधि सहितको उपभोक्ता न्यायको मान्यतालाई कार्यान्वयन गर्न उपभोक्ता अदालतजस्ता न्यायिक संरचना स्थापनाका निम्ति आवश्यक व्यवस्था गर्न र उपभोक्ता संरक्षण ऐनमा समसामयिक सुधारसहित तत्सम्बन्धी व्यवस्थाहरूलाई प्रभावकारी रूपमा लागू गर्न गराउन नेपाल सरकारको ध्यानाकर्षणका लागि यो फैसलाको प्रमाणित प्रतिलिपि नेपाल सरकारका मुख्य सचिवको जानकारीका निम्ति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुका साथै मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रूपमा उत्पादन, विक्रि वितरण, निकासी तथा पैठारी व्यवस्थित तथा नियमित गर्ने उद्देश्यले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र तत्सम्बन्धी नियमावली, २०५६ जारी गरेको देखिंदा तत्सम्बन्धी ऐन नियमका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, जनशक्तिको व्यवस्थापन तथा प्रविधि मैत्री प्रशासन निर्माण गरी उपभोक्ताको हकहितको संरक्षण तथा ऐन कानूनको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन तथा यस सम्बन्धमा कृषि विकास मन्त्रालयबाट अवैध रूपमा कखुराको मासु नेपाल भित्र्याइएको विषयमा छानविन गर्न गठित समिति, २०६९ ले दिएको सिफारिस समेत लागू गर्न गराउन कृषि विकास मन्त्रालयको सचिवको ध्यानाकर्षणका निम्ति यो फैसलाको प्रमाणित प्रतिलिपि कृषि विकास मन्त्रालयमा पठाउनू, यसैगरी उपभोक्ताको जीवन र स्वास्थ्यको संरक्षणको निम्ति मासु उत्पादन तथा विक्रि वितरण मानव स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने विषय भएकाले सङ्क्रमित रोगका कारण पैठारी गर्न प्रतिबन्ध लगाएका मुलुकबाट अवैधरुपमा आउने त्यस्तो मासुको रोकथाम र नियन्त्रण गर्न तथा मुलुकभित्र पशुवध र मासु विक्रिवितरण गर्ने स्थल सफा र स्वस्थ राख्न लगाउन तथा गुणस्तरीय मासुको उत्पादन र विक्रि वितरणलाई व्यवस्थित गर्न तथा मासु जाँच ऐन, २०५५ लाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन गर्न गराउन पशु सेवा विभागको महानिर्देशकको ध्यानाकर्षणको लागि यो फैसलाको प्रमाणित प्रतिलिपि पशु सेवा विभागमा पठाउनू साथै यो फैसलाको जानकारी लोकसेवा आयोग केन्द्रीय कार्यालय, पुनरावेदक, सम्बन्धित विभाग तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई मिसिल नियमानुसार बुझाई दिनू ।

.....
(काशीराज दाहाल)
अध्यक्ष

उक्त रायमा सहमत छौं ।

.....	.....
(दुर्गानिधि शर्मा))	(कुमार योञ्जन तामाङ्ग)
सदस्य	सदस्य

इति सम्वत् २०७० साल असार २८ गते रोज ६ शुभम् ।